# प्रशासन पत्रिका १३० औ अंकको लागि लेख/रचना उपलब्ध गराउने सम्बन्धी सूचना !!

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट "प्रशासन पत्रिका-१३० औं अंक" शीघ्र प्रकाशन हुन गइरहेको छ । यस नियमित अंकलाई उपयोगी, विश्लेषणात्मक एवम् विचारमूलक र समसामयिक बनाउन विभिन्न विद्वान लेखकहरुसँग संघीयता, सार्वजनिक सेवा प्रवाह, कर्मचारी समायोजन, विकास प्रशासन, प्रशासनिक पुनर्संरचना सुशासन तथा व्यवस्थापन र जनप्रशासन विषयमा केन्द्रीत रही लेखहरु संकलन गर्ने कार्य भईरहेको सन्दर्भमा उक्त अंकमा लेख रचना समावेश गर्न इच्छुक विद्वान लेखकहरुबाट न्यूनतम ३००० (तीन हजार) र बढीमा ५०००(पाँच हजार) शब्दसम्मको उपयुक्त लेख-रचना यही २०७५ सालको जेठ ३० गतेसम्म पठाउनुहुन आह्वान गरिन्छ । प्रकाशनको लागि पठाइने लेख/रचनाको माध्यम भाषा नेपाली भए युनिकोड, फन्टको साइज ११ र अंग्रेजी भए Times New Roman फन्टको साइज १२ मा टाइप गरिएको हुनुपर्नेछ । लेखकले आफ्नो लेख/ रचनामा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने विषयहरु देहाय बमोजिम रहेका छन्:

क) लेखको शुरुमा सार जनाउने सारांश

ख) मुख्य लेख/विषयवस्तु

ग) अन्त्यमा निष्कर्ष

घ) लेख रचना तयार गर्न प्रयोग भएका सन्दर्भ सामग्रीको स्रोत *अनिवार्य रुपमा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप* उल्लेख गर्नुका साथै लेखकले आफ्नो इमेल ठेगाना र फोन नम्बर उल्लेख गरी लेखकको हालसालै खिचेको फोटो समेत पठाउन अनुरोध गरिन्छ ।

लेख रचनाहरु इमेल ठेगाना *jeevansedhain@gmail.com वा tindira7@gmai.com* मार्फत पनि पठाउन सकिनेछ । यस सम्बन्धि विस्तृत जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रशासन सुधार तथा व्यवस्थापन परिक्षण शाखा (फोन नं.०१-४२००२९२ र ०१-४२००२८१) बाट लिन सकिने व्यहोरा समेत सूचित गरिन्छ ।

***पुनश्चः उपरोक्तानुसार विवरणहरु उल्लेख नभई आएका लेखहरु प्रकाशन गर्न सम्पादक मण्डल बाध्य हुने छैन ।***

साथै आफ्ना लेखहरुको शुद्धाशुद्धी परीक्षण गरी बुझिने गरी पठाउनु हुन समेत अनुरोध छ ।

**नोटः** स्तरीय, विश्लेषनात्मक, समसामयिक लेखहरुलाइ प्राथमिकतामा राखिनेछ । प्राप्त लेख रचनाहरुलाइ परिमार्जन गर्ने, प्रकाशन गर्ने/नगर्ने सर्वाधिकार सम्पादक मण्डलमा रहनेछ ।

...................

(इन्दिरा थापा)

शाखा अधिकृत